# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, जेठ १२ गते २०५२ साल (अतिरिक्ताङ्क ४

## भाग ३

श्री ५ को सरकार

### पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शाही नेपाल वायुसेवा निगमले यूरोपको लागि नियुक्त गरेको जी.एस.ए. सम्बन्धी कारोवार, शाही नेपाल वायुसेवा निगमको बोइङ्ग ७२७ विमानहरूको बिक्री र शाही नेपाल वायुसेवा निगमले वेट लिजमा लिएको एयरबस विमान सम्बन्धमा उठेका अनियमितताको बारेमा जाँचबुझ गरी सत्य तथ्य पत्ता लगाई श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्न देहायबमोजिमका अध्यक्ष तथा सदस्य भएको एक जाँचबुझ आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यावधि देहायबमोजिम तोकेको छ ।

क) आयोगको गठनः–

१) माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी,
पुनरावेदन अदालत, पाटन ललितपुर — अध्यक्ष
(उहाँले हेर्दै आउनु भएको निर्वाचन विशेष अदालतको काम पनि यथावत हेर्ने गरी)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२) अतिरिक्त जिल्ला न्यायाधीश श्री नारायणप्रसाद दाहाल,
काठमाडौं जिल्ला अदालत – सदस्य

३) चार्टर्ड एकाउन्टेण्ट श्री अनुपकुमार श्रेष्ठ – सदस्य

ख) आयोगको काम, कर्तव्य र अधिकारः– आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

१) शाही नेपाल वायुसेवा निगमले यूरोपको लागि नियुक्त गरेको जी.एस.ए. सम्बन्धी कारोवार, बोइङ्ग ७२७ विमानहरूको बिक्री र वेट लिजमा लिएको एयरबस विमान सम्बन्धमा उठेका अनियमितताको बारेमा जाँचबुझ गर्ने।

२) जाँचबुझका सिलसिलामा देखिन आएको अनियमितता तथा भ्रष्टाचारको सम्बन्धमा तत्काल कार्यरत कुन-कुन व्यक्तिहरूको कुन किसिमको कार्यबाट शाही नेपाल वायुसेवा निगमलाई हानी-नोक्सानी पुग्न गएको हो र त्यस्तो हानी-नोक्सानी पुऱ्याउने व्यक्तिहरूलाई के-कस्तो कारबाही हुनुपर्ने हो सम्पूर्ण कुराको ठहर गरी प्रतिवेदन पेश गर्ने ।

३) माथि प्रकरण (१) र (२) बमोजिम जाँचबुझ गर्नको लागि आयोगले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिमको अधिकार प्रयोग गर्ने ।

ग) आयोगको कार्यावधिः–

आयोगको कार्यावधि आयोगले काम शुरू गरेको मितिले २ (दुई) महिनाको हुनेछ ।

आज्ञाले,
खगेन्द्र बस्न्यात
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।